तिलोत्तमा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कार्यपालिका बैठक संख्या ६/०७९/०८० (१३६) मिति २०७९/९/२३ गते ।

प्रस्तावहरुः

१. नगर सभामा पेश गर्ने एजेण्डाहरु उपर छलफल सम्बन्धमा :-
   - १.१ कार्यपालिकाको बैठकका निर्णयहरु सम्बन्धमा ।
   - १.२ अन्तिम लेखापरीक्षण बेरुजु नियमित सम्बन्धमा ।
   - १.३ न्यायिक समितिको प्रतिवेदन सम्बन्धमा ।
   - १.४ "तिलोत्तमा नगरपालिकाको आर्थिक ऐन, २०७९ (प्रथम संशोधन २०७९)" विधेयक सम्बन्धमा ।

२. विविध ।

## निर्णयहरु

**निर्णय नं.-१-१.१**

सुशासन तथा संस्थागत विकास समितिका संयोजक श्री राधा शाहीद्वारा मिति २०७९/४/३ गते देखि हाल सम्म यस नगरपालिका नगरकार्यपालिकाको बैठकबाट भएका निर्णयहरु अनुमोदन सम्बन्धी देहायको संलग्न (अनुसूची १) प्रस्ताव उपर छलफल गरी अनुमोदनको लागि आगामी नगरसभाको वैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.-१- १.२**

मिति २०७९/९/२१ गतेको लेखा समितिको बैठकमा छलफल भई सिफारिस साथ बेरुजु संपरीक्षणका लागि लेखा समितिका संयोजक श्री फर्सुराम गिरीबाट पेश भएको विभिन्न आर्थिक वर्षको अन्तिम लेखापरीक्षणबाट कायम भएका तिलोत्तमा नगरपालिकाका बेरुजुहरु छलफल उपर गरी देहायको संलग्न (अनुसूची २) तालिका बमोजिम संपरिक्षणका लागि आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.-१-१.३**

न्यायिक समिति संयोजक तथा नगर उप प्रमुख श्री जगेश्वर देवी चौधरीद्वारा पेश हुन आएको न्यायिक समितिको आ.व. ०७९/०८० को हाल सम्म भएका कामकारवाहीको प्रतिवेदन उपर छलफल गरी अनुमोदनको लागि आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.-१-१.४**

राजश्व परामर्श समितिको मिति २०७९/९/२० को वैठकबाट निर्णय भई पेश हुन आएको देहाय बमोजिमको **तिलोत्तमा नगरपालिकाको आर्थिक ऐन, २०७९ (प्रथम संशोधन २०७९)** सम्बन्धी संशोधन विधेयक उपर छलफल गरी स्वीकृतीको लागि आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

रामकृष्ण खाण
नगर प्रमुख

नारायण अर्याल
प्रशासकीय अधिकृत

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

१ दफा ३ मा घरबहाल करको सट्टामा घरजग्गा बहाल कर कायम गर्ने ।

२ दफा ११ मा देहायको उपदफा ३ थप गर्ने । (सम्पत्तिकर व्यवस्थापन कार्यविधि २०७५ दफा को व्यवस्थालाई आर्थिक ऐनमा समावेस गर्न आवश्यक भएकोले)

११ (३) देहायको अवस्थामा सम्पत्ति तथा भुमीकर कर लाग्ने छैन

(क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकारको स्वामित्वमा रहेको घर र जग्गा,

(ख) सरकारी अस्पतालको भवन र जग्गा,

(ग) गुठीको स्वामित्वमा रहेको जग्गा,

(घ) सरकारी शिक्षण संस्था र अन्य सरकारी निकायको स्वामित्वमा रहेको भवन र जग्गा,

(ङ) धार्मिक संस्था (मन्दिर, गुम्बा, चर्च, मस्जिद आदि) को भवन र जग्गा,

(च) खानेपानी सङ्कलन पोखरी, हवाई मैदान, विद्युत उत्पादन गृह, मसानघाट, बसपार्क, रंगशाला, उद्यान, पार्क जस्ता सार्वजनिक उपयोगका स्थलहरू,

(छ) राजदूतावास, वाणिज्य नियोग, कुटनैतिक नियोगका भवन र जग्गा,

(ज) लालपुर्जामा जग्गा भएको तर उक्त जग्गा सडक/बाटोले काटेको हकमा काटेको जति जग्गा

३ दफा ११ मा देहायको उपदफा ४ थप गर्ने

आर्थिक विपन्नता, प्रकोप पीडित, कोभिड स्वास्थ्य बिमा, पशु बिमा तथा नेपाल सरकार वा प्रदेश सरकारले तोकेको कडा रोगको औषधि उपचारको लागि सिफारिस गर्दा लाग्ने सिफारिस दस्तूर मिनाह हुनेछ ।

४ व्यवसाय कर अनुसूची ५ मा देहाय बमोजिमको व्यवस्था थप गर्ने ।

| क्र.सं. | व्यवसायको नाम | आ.व.०७८।०७९ | आ.व.०७९।०८० |
|---|---|---|---|
| **५** | **औषधि उत्पादक तथा बिक्रेता** | 0.00 | २०००.०० |
| छ | चश्मा पसल | | |
| **१८** | **हार्डवेयर, मेशिनरी, पेण्टस, सेनिटरी, मार्वल पसल आदी** | 0.00 | ५०००.०० |
| छ | फल्ससिलिङ्ग लगाउने व्यवसाय क वर्ग | 0.00 | ३०००.०० |
| ज | फल्ससिलिङ्ग लगाउने व्यवसाय ख वर्ग | | |
| **३२** | **उत्पादनमूलक उद्योग** | 0.00 | ३०००.०० |
| श | नेपकिन उद्योग | | |
| **४०** | **कंक्रिटमा आधारित उद्योग** | 0.00 | ५०००.०० |
| ग | इन्टरलक ब्लक उद्योग | | |
| **४६** | **पर्यटन उद्योग** | 0.00 | २०००.०० |
| ह | केक शप / कफी शप | | |
| **४८** | **सेवा उद्योग** | 0.00 | ५०००.०० |
| ढ | विज्ञापन एजेन्सी (विज्ञापन लिएर सामग्री तयार गरि जडान गर्ने) | | |
| **६६** | **सिलाई मेशिन मर्मत तथा व्यवसायिक सिलाई** | 0.00 | २०००.०० |
| छ | सिलाई कटाई तालिम केन्द्र | | |

नारायण अर्याल
प्रमुख प्रशासकीय अधिकृत

रामकृष्ण खाण
नगर प्रमुख

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

५ व्यवसाय कर अनुसूची ५ मा देहाय बमोजिमको क्र.सं.७४ थप गर्ने ।

| ७४ | अनलाईन व्यवसाय | आ.व.०७८।०७९ | आ.व.०७९।०८० |
|---|---|---|---|
| क | अनलाईन व्यवसायको लागि प्लेटफर्म प्रदायक | ०.०० | ५०००.०० |
| ख | अनलाईन व्यवसाय क वर्ग | ०.०० | ३०००.०० |
| ग | अनलाईन व्यवसाय ख वर्ग | ०.०० | २०००.०० |

६ व्यवसाय कर अनुसूची ५ मा देहाय बमोजिमको क्र.सं.७५ थप गर्ने ।

| ७५ | विद्युत उत्पादन केन्द्र | आ.व.०७८।०७९ | आ.व.०७९।०८० |
|---|---|---|---|
| क | सोलार विद्युत ५ मे.वा. सम्मको आयोजना | ०.०० | ५००००.०० |
| ख | सोलार विद्युत ५ मे.वा. माथिको आयोजना | ०.०० | १०००००.०० |

७ अनुसूची ९ को क्र.सं.१३ मा देहायको (ज) थप गर्ने ।

| १३ | प्राकृतिक स्रोत बिक्री तथा व्यवस्थापन शुल्क | आ.व.०७८।०७९ | आ.व.०७९।०८० |
|---|---|---|---|
| ज | निजि जग्गामा रहेको नदीजन्य पदार्थ (प्रति वर्गफुट) | ०.०० | १८.०० |

८ अनुसूची ९ को क्र.सं.१३ को (छ) मा देहायको व्यवस्था थप गर्ने ।
नोट : नियन्त्रणमा लिईएका सवारी साधन नगरपालिकाले तोकेको स्थानमा लैजान असहयोग गरेमा वा बाधा अवरोध खडा गरेमा तोकिएको जरिवानामा २० प्रतिशत थप गरी लिईनेछ ।

नारायण अर्याल
प्रमुख प्रशासकीय अधिकृत

रामकृष्ण खाण
नगर प्रमुख

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

अनुसूची १

## आ.व. २०७९/०८० मिति २०७९/०४/०१ गते पछि भएका नगरकार्यपालिका बैठक र सो बैठकमा भएका निर्णयहरुको विवरण

| महिना | बैठक नं. | मिति | निर्णय संख्या | महत्वपूर्ण निर्णय |
|---|---|---|---|---|
| श्रावण | १३१ | २०७९/०४/०३ | ६ | विभिन्न समितिहरु गठन सम्बन्धमा । <br>• न्यायिक समिति, लेखा समिति,विधायन समिति,विधेयक समिति,सुशासन समिति गठन गरिएको। |
| भदौ | १३२ | २०७९/०५/१९ | ५ | • नगर दररेट स्वीकृत सम्बन्धमा । <br>• योजनाहरुको म्याद थप सम्बन्धमा। |
| कार्त्तिक | १३३ | २०७९/०७/०६ | १७ | • नगरपालिका र अन्तरगतका कार्यालयहरुको सेवाप्रवाह सुधार सम्बन्धमा। <br>• तिलोत्तमा नगरपालिकाको पञ्चवर्षीय योजना निर्माण सम्बन्धमा । <br>• तिलोत्तमा नगरपालिकाको परियोजना बैंक निर्माण सम्बन्धमा । <br>• तिलोत्तमा नगरपालिकाको औद्योगिक ग्राम र फोहोरमैला व्यवस्थापन केन्द्रको वातावरणीय प्रभाव मूल्यांकन निर्माण परामर्शदातासँगको म्याद थप सम्बन्धमा । |
| मंसिर | १३४ | २०७९/०८/२३ | १ | • स्थानीय भू-उपयोग परिषद्को निर्णय अनुमोदन सम्बन्धभा । |
| पौष | १३५ | २०७९/०९/१३ | १७ | • नगरस्तरीय वातावरण तथा विपद् व्यवस्थापन समितिका निर्णयहरु अनुमोदन सम्बन्धमा । <br>• आ.व.२०७९/०८०को लागि संघीय सरकार र प्रदेश सरकारमा माग गर्ने समपूरक तथा विशेष योजनाहरु छनौट सम्बन्धमा । |

नारायण अर्याल
प्रमुख प्रशासकीय अधिकृत

रामकृष्ण खाण
नगर प्रमुख

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

अनुसूची २

**प्रस्तावः** यस तिलोत्तमा नगरपालिकाका तपसिल बमोजिमका विभिन्न आ.व. मा महालेखा परिक्षकको कार्यालयबाट गरिएको लेखापरिक्षणबाट औल्याइएका बेरुजु ( अनियमित बेरुजु) का सम्बन्धमा उक्त बेरुजुमा उल्लेख भए अनुसारका शिर्षकको अध्ययन गर्दा उदेश्य अनुसार काम सम्पन्न भइ सकेको तथा सोबाट कुनै पनि किसिमको सरकारी हानी नोक्सानी नभएकोले तपसिल बमोजिमको कुल ३१२३७०३४ (तीन करोड बाह्र लाख सैतिस हजार चौतिस रुपैया) बराबरको बेरुजुको नियमित गर्न आवश्यक भएकोले नियमितताको लागि यो प्रस्ताव पेश गरिएको ।

तपसिलः

| आ.व | दफा | लेखापरीक्षणबाट देखिएको ब्यहोरा | रकम | फछ्यौंटको व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|
| ०७६/०७७ | १५ | **कर्मचारी प्रोत्साहन भत्ताः** स्थानीय सरकार संचालन एन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन संचालन व्यवस्थापन सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमेजिम हुने दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमेजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । स्थानीय तहले कानून नबनाई यो वर्ष निम्नानुसार प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको रु. | ३९५१६००/- | उदेश्य अनुसार काम सम्पन्न भइ सकेको तथा सरकारी हानी नोक्सानी नभएकोले फछ्यौटका लागि पेश गरिएको । | |
| ०७७/०७८ | १८ | **ठेक्का नं. ३२।०७४।७५ Guest House Construction Work**<br>ठे.नं. ३२।०७४।७५ Guest House Construction Work at tilottama-9, Keulani निर्माण कार्यको कवोल अंक रु२,९०,२१,३२०।८२ (मू.अ.कर समेत) को मिति २०७६।९।३० मा सम्पन्न गर्नेगरी मिति २०७५।०३।२५ मा सझौता भएको छ। यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ :<br>**क. कार्य सम्पादन जमानत :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११०(४) मा कार्यसम्पादन जमानतको मान्य अवधि सम्झौतामा उल्लेखित निर्माण कार्यको त्रुटि सच्याउने दायित्व (डिफेक्ट लायबिलिटिज) को अवधि भन्दा कम्तीमा एक महिना बढी अवधिको हनुपर्ने व्यवस्था छ। यस कार्यको शुरु सम्झौता अनुसार कम्तिमा पनि कार्यसम्पादन जमानतको म्याद मिति २०७७।१०।३० सम्मको हुनुपर्नेमा कृषि विकास बैङ्क लि. को २९,५६,०००।०० को मिति २०७६।६।२० सम्म म्याद भएको कार्य सम्पादन जमानत | | | |

नारायण अर्याल
प्रमुख प्रशासकीय अधिकृत

०३।२२
रामकृष्ण खाण
नगर प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| | | पेश भई खरिद सम्झौता भएको छ। प्रथम पटक मिति २०७६।१०।२२ मा मिति २०७६।१२।२० सम्म कार्यसम्पादन जमानतको म्याद थप भएको छ । दोस्रो पटक मिति २०७७।०३।०३ मा मिति २०७७।०६।२० सम्म कार्यसम्पादन जमानतको म्याद थप भएको छ । तेस्रो पटक मिति २०७७।०७।१६ मा मिति २०७८।०७।३० सम्म कार्यसम्पादन जमानतको म्याद थप भएको छ । चौथो पटक मिति २०७९।०१।३० सम्म कार्यसम्पादन जमानतको म्याद थप भएको छ । कार्य सम्पादन जमानतको म्याद समाप्त हनुअगावै म्याद थप गर्नुपर्नेमा म्याद समाप्त भएको २-३ महिना पछी जमानतको म्याद थप गर्ने गरेको पाइयो । शुरु सम्झौता अनुसार सम्पन्न गर्नुपर्ने म्याद सम्मको अवधि समेत नखाम्नेगरी कार्य सम्पादन जमानत पेश हुदाँ समेत खरिद सम्झौता गर्ने र समयमा म्याद थप समेत नगर्ने परिपाटिमा नियन्त्रण हुनुपर्दछ । यस्तो संवेदनशिल विषयमा पालिका जिम्मेवार हुनुपर्दछ । | | | |
| ०७७/०७८ | १८.२ | **ख. म्याद बाहिर भुक्तानीः** गो.भौ.न. १५१।०७७।७।२७ सावजिनक खरिद नियमावली २०६४ को नियम १२० वमोजम म्याद थपेर मात्र भुक्तानी दिनुपर्दछ ।यस निर्माण कार्यको पाँचौ रनिङ्ग विल बापत ९५,०३,२९४।१४ भुक्तानी भएको छ । यस कार्यको कार्य सम्पन्न गर्नुपर्ने म्याद २०७६।९।३० सम रहेकोमा मिति २०७७।५।१४ मा नापी गरी भुक्तानी दिएको नियम सम्मत नदेखिएको | ९५०३२९४ | उदेश्य अनुसार काम सम्पन्न भइ सकेको तथा सरकारी हानी नोक्सानी नभएकोले फछ्यौटका लागि पेश गरिएको । | |
| ०७७/०७८ | १९.३ | **खर्च मितव्ययीता :** गो.भौ. १०५९।०७८।२।२४ सरकारी रकम खर्च गर्दा मितव्ययी तवरले खर्च गर्नु पर्दछ।यस शंकरपुरदेखि तिलोत्तमा नगरपालिकाको अफिस सम्म वाटो मर्मत गरेवापत (ढलाई र होमपाइप) प्रदिप कन्ट्रक्सनको विजक नं. १९।०७८।२।२१ वाट सोझै खरिदको माध्यम वाट निर्माण गराइ ४,९८,१७८।२८ भुक्तानी भएको छ । सोझै खरिदको माध्यम वाट खरिद गरेको कार्यको लागत अनुमान ४,९९,६४७।०१ रहेकोमा सझौता अंक ४,९८,१७८।२८ को तुलनामा ०.३% कममा सझौता गरी कार्य गराएको छ । यही स्थानमा सोही निर्माण व्यवसायीवाट लागत अनुमानको तुलनामा ३०% घटीमा कवोल गरी कार्य सम्पन्न गरेको छ ।ठेक्का मार्फत निर्माण गरेको सडकमा पुन सोही निर्माण व्यवसायीवाट भेरिएशन अर्डर जारी नगरी लागत अनुमानकै हाराहारीमा सझौता गरी सोझै खरिदको माध्यमवाट खरिद गरेको नियम सम्मत नदेखिएको | १९८१७८ | उदेश्य अनुसार काम सम्पन्न भइ सकेको तथा सरकारी हानी नोक्सानी नभएकोले फछ्यौटका लागि पेश गरिएको । | |

नारायण अर्याल
प्रमुख प्रशासकीय अधिकृत

रामकृष्ण खाण
नगर प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| ०७७/०७८ | २२ | **वढी पेश्की भुक्तानी :** गो.भौ. ३१।२०७७।१२।०२ ठे.नं. २२।०७७।०७८ उमा प्रा.वि.को भवन निर्माण कार्यको लागि पालिका र निर्माण व्यवसायी धुलिखेल सगुन अभियान्ता जे.भी. वीच कवोल अंक १,६५,९९,६९९।७१(मू.अ.कर समेत) को मिति २०७८।१२।३० मा सम्पन्न गर्नेगरी मिति २०७७।१२।२ मा सझौता भएको छ । खरिद सझौताको SCC को Clause ११.९ मा मोविलाइजेशन पेश्की १०% दिने व्यवस्था रहेकोमा मोविलाइजेशन पेश्की सझौता भन्दा वढी भुक्तानी दिएको छ । खरिद सझौता अनुसार १,४५,१९,५२२।७४ (मू.अ.कर र पी.एस.वाहेक) को १०% ले हुने रु १४,५१,९५२।२७ भुक्तानी हुनुपर्नेमा २४,००,०००।०० भुक्तानी भएकोले सझौता भन्दा वढी ९,४८,०४७।०० भुक्तानी भएको छ । यसले गर्दा निर्माण व्यवसायीलाई लाभ पुगेको देखिन्छ । यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ । खरिद सझौताको प्रावधान विपरीत वढी पेश्की भुक्तानी दिएको नियम सम्मत नदेखिएको। | ९४८०४७ | उदेश्य अनुसार काम सम्पन्न भइ सकेको तथा सरकारी हानी नोक्सानी नभएकोले फछ्यौटका लागि पेश गरिएको । | |
| ०७७/०७८ | २४ | **ठे.नं. ५१।०७७।०७८ तिलोत्तमा भलवारी लोकेटार सडक तथा सडक निर्माण कार्य** **थप आर्थिक व्ययभार :** गो.भौ. १०२।०७८।३।३१ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सझौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अय कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । ठे.नं. ५१।०७७।०७८ तिलोत्तमा भलवारी लोकेटार सडक तथा सडक निर्माण कार्यको लागि पालिका र निर्माण व्यवसायी आर.डि.आर गोडेन जे.भी. वीच कवोल अंक १,१९,४१,३५९।००(मू.अ.करसमेत)को मिति २०७८।३।२५ मा सम्पन्न गर्नेगरी मिति २०७८।३।२ मा सझौता भएको छ। यस निर्माणकार्यको सझौता रकम १,०६,०१,२७१।६३(मू.अ.कर समेत) भएकोमा आर्थिक बर्षको अन्त्यमा भए जतिको कामको नापी गरी कार्य स्वीकार प्रतिवेदन तयार गरी ८३,४३,७०९।०० भुक्तानी भएको छ । सझौता अनुसारको परिमाणमा काम गरेको देखिएन । सडक वेस गर्ने कार्यको सडकको लम्वाइ ४०१ मी. मा काम गराइ भुक्तानी भएको छ भने टेक कोट, प्राइम कोट, प्रिमिक्स कारपेट आइटमको कार्यको सडकको लम्बाइ २०१ मी. रहेको छ। वेसको काम वापत २०१m*६m*०.१५m= १८०.९०m३ को भुानी दिनुपर्नेमा ४०१m*६m*०.१५m= ३६०.९०m३ को काम गराई भुक्तानी दिएकोले आर्थिक व्ययभार पर्नेगरी १८०घन मी. को | ३४२००० | उदेश्य अनुसार काम सम्पन्न भइ सकेको तथा सरकारी हानी नोक्सानी नभएकोले फछ्यौटका लागि पेश गरिएको । | |

तिलोत्तमा नगरपालिका नगर कार्यपालिकाको कार्यालय

नारायण अर्याल प्रमुख प्रशासकीय अधिकृत

रामकृष्ण खाण नगर प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| | | १९०० प्रति घन मी. का दरले३,४२,०००।०० सो ठाउँमा पुन कालधत्रोगनुपनभएमा पुनः वेसको काम गरी कालोपत्रे गर्नुपर्ने भएकोले पालिका लाईथप व्ययभार परेकोले नियमसम्मत नदेखिएको । | | | |
| ०७७/०७८ | २५ | **ठे.नं. ३८।०७७।०७८ तिलोत्तमा भलवारी लोकेटार सडक निर्माण कार्यः वजेटको सुनिश्चितता वेगरको वोलपत्र** : गो.भौ.१०३।०७८।३।३० सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(१) मा सार्वजनिक निकायले खरिदको आवस्यक बजेट व्ययवस्था नभई खरिद कारवाही शुरु गर्न नहुने र नियम ६(५) मा बहुवर्षिय सझौता वमोजम गरिने खरिदको हकमा अन्य बर्षको लागि खरिद कारवाही गर्दा आवस्यक पर्ने बजेटको सुनिश्चितता गरेर मात्र खरिदको कारबाही शुरु गर्नु पर्ने व्यवस्था छ।ठे.नं. ३८।०७७।०७८ तिलोत्तमा भलवारी लोकेटार सडक निर्माण कार्यको लागि पालिका र निर्माण व्यवसायी कालिगण्डकी सिद्धार्थ जे.भी. वीच कवोल अंक २,७०,२१,४२०।७८ (मू.अ.कर समेत) को मिति २०७८।३।२५ मा कार्य सम्पन्न गर्ने गरी मिति २०७८।१।१९ मा सझौता भएको छ । यस निर्माण कार्यको प्रथम विल वाट ४५,५०,०००।०० पेश्कि फर्छयौट गरी वाँकि रकम भुक्तानी भएको छ । संघीय हस्तान्तरित कार्यक्रम अन्तर्गत यस ठेक्काको कवोल अंक २,७०,२१,४२०।७८(मू.अ.कर समेत) रहेकोमा प्रथम रनिङ्ग विल वापत रु१,३०,९०,३३६।०३ भुक्तानी भएको छ । यस पछी कुनैकाम भएको छैन्। संघीय वजेट भएको र आर्थिक वर्ष २०७८।७९ मा संघ वाट वजेट तथा कार्यक्रम नआएकोले काम हुन नसकेको पालिकाले जानकारी दिएको छ । आन्तरिक आयवाट समेत आर्थिक वर्ष २०७८।७९ मा यस निर्माण कार्यको लागि वजेट तथा कार्यक्रम नराखी काम अधुरो रहेको छ । यस निर्माण कार्यको लागी कालोपत्रे गर्ने सम्मको कार्यभएकोमा कालोपत्रे गरेको देखिएन । वेस समको काम गराइ वेश वापत १५२० घन मी. २४०० प्रति घन मी. का दरले ३६,४९,४५०।५० भुक्तानी दिएको र यसपछी कुनैकाम भएको छैन्। कालोपत्रे कार्यको लागि ठेक्का लगाई वेश सम्मको कामको भुक्तानी दिई वाँकि काम अधुरो रहनाले वेश वापतको भुक्तानी खेर जानेदेखिन्छ । यसले गर्दा सरकारलाई थप आर्थिक दयित्व वढ्नाको साथै श्रोत सुनिश्चितता नहुदाँ काम अधुरो रहन गएको छ।श्रोतको सुनिश्चितता गरी वाँकि काम सम्पन्न गर्नुपर्ने देखिएको | ३६४९४५० | उदेश्य अनुसार काम सम्पन्न भइ सकेको तथा सरकारी हानी नोक्सानी नभएकोले फछ्यौटका लागि पेश गरिएको । | |

तिलोत्तमा नगरपालिका नगर कार्यपालिकाको कार्यालय मणिग्राम, रुपन्देही लुम्बिनी प्रदेश, नेपाल

नारायण अर्याल
प्रमुख प्रशासकीय अधिकृत

रामकृष्ण खाण
नगर प्रमुख

<table>
<tr>
<td>०७७/०७८</td>
<td>३०</td>
<td>
सहकारी संथाहरुबाट निर्माण काम गराएको:<br>
सार्वजनिक खरिद ऐन २०६३ को दफा ४६ मा जनचेतना सम्बन्धी तालिम,अभिमुखिकरण,सवलीकरण मूल प्रवाहिकरण जस्ता कार्य गैर सरकारी संस्थाबाट गराउँदा छिटो छरितो, प्रभावकारी र मितव्ययी हुनेभएमा सार्वजनिक निकायले गैर सरकारी संस्थाबाट तोकिए बमोजिमको प्रक्रिया अपनाई त्यस्तो कार्य गराउन वा सेवा प्राप्त गर्न सक्ने उल्लेख छ । साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९९(१) मा ऐनको दफा ४६ बमोजम गैर सरकारी संथाबाट काम गराउनको लागी त्यस्तो कामको आवयकता, किसिम, समयावधी, कामको गुणस्तर, जनशक्ती, कार्य संचालन विधि सहितको क्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटि अनुमान तयार गर्नुपर्ने उल्लेख छ।लेखापरीणमा नमूना छनौट गरी परीक्षण गर्दा पालकाले देहायमा उल्लेख गरेका सहकारी संस्थाहरु मार्फत ऐन तथा नियमावली अनुसार निर्माण काम गराउन नसिकनेमा सो बिपरित हुनेगरी काम गराएको पाइयो । यसरी उल्लेख गरिएका निर्माण कामहरु ऐन तथा नियमावली अनुसार प्रतिस्पर्धाको माध्यमबाट गराएको अवथामा मितव्ययी हुन गई पालिकालाइ व्ययभार कम हुने अवस्था रहने भएतापनि पालिकाले देहायका संथाबाट रु६१३०८००।०० निर्माण काम गराएको नियमसम्मत नभएको
<table>
<tr><th>गो.भौ./मिति</th><th>खर्च रकम</th><th>काम</th><th>संस्थाको नाम र ठेगाना</th><th>कैफियत</th></tr>
<tr><td>१७६८। ०७८।३।३०</td><td>४३८७५००</td><td>वडा न. ८ मा फोहोर मैला प्रसोधन केन्द्र पुर्वाधार निर्माण</td><td>स्वास्थ्य सहकारी संस्था लिमिटेड</td><td>सार्वजनिक खरिद ऐन तथा नियमावलि अनुसार प्रतिस्पर्धाबाट गराउनु पर्नेमा सो गरेको पाईएन ।</td></tr>
<tr><td>१७६२। २०७८।३।३०</td><td>१७४३३००</td><td>दुध संकलन तथा प्रसोधन केन्द्र पुर्वाधार निर्माण</td><td>लुम्बिनि विशिष्टिकृत सहकारी संघ लि २०७७ लुम्बिनि प्रदेश नेपाल</td><td>सो संस्था तिलोत्तमा नगरपालिकामा दर्ता तथा कार्यक्षेत्र भएको प्रमाण पेश नभएकोमा सो संस्थाबाट यस पालिकाको काम गर्न दिएकोले नियमसम्मत भएन</td></tr>
<tr><td>जम्मा</td><td>६१३०८००</td><td></td><td></td><td></td></tr>
</table>
</td>
<td>६१३०८००</td>
<td>उदेश्य अनुसार काम सम्पन्न भइ सकेको तथा सरकारी हानी नोक्सानी नभएकोले फछ्यौटका लागि पेश गरिएको ।</td>
<td></td>
</tr>
<tr>
<td>०७७/०७८</td>
<td>३८</td>
<td>(१) उपभोक्ता समितिको म्याद थप तथा भेरिएशनः</td>
<td>२६०३०२</td>
<td>उदेश्य अनुसार काम</td>
<td></td>
</tr>
</table>

तिलोत्तमा नगरपालिका नगर कार्यपालिकाको कार्यालय मणिग्राम, रुपन्देही लुम्बिनी प्रदेश, नेपाल

नारायण अर्याल
प्रमुख प्रशासकीय अधिकृत

रामकृष्ण खाण
नगर प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| | | सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समितिले सझौतामा तोकिएको समयमा निर्माण काम सम्पन्न गर्नुपर्ने र म्याद थप गर्न मिल्ने नदेखिएकोमा वडा नं९ का विभिन्न सडक मर्मत गर्न गठित उपभोक्ता समितिले मिति २०७७।३।३० भित्र निर्माण काम सम्पन्न गर्नेगरी रु५५३५८३३।०० मा मिति २०७७।२।२८ मा अर्थात गत आर्थिक वर्ष २०७६।७७ मा सझौता भएकोमा उपभोक्ता समितिले तोकिएको समयमा सम्पन्न नगरी ११ महिना १५ महिना ढिलो गरी निर्माण काम सम्पन्न गरेको अवस्थामा पालिकाले नियममा भएको व्यवस्था बमोजिम उपभोक्ता समितिसँगको सझौता रद्ध गरि सो काम प्रतिस्पर्धाको माध्यमबाट गराएको पाइएन। साथै सोही नियमावलिको नियम ९७ मा उपभोक्ता समितिलाइ सझौतामा तोकिएको काम सोही लागत अनुमान अनुसार गर्नुपर्ने रहेकोमा शुरु लागत अनुमान ५५३५८३३।०० भए अनुसार सझौता भएकोमा कहि भागमा निर्माण काम अधुरो रहेकोले थप काम गर्नुपर्ने जनाइ मिति २०७७।९।१२ को निर्णयले भेरिएशन स्विकृत गरी सो पश्चात कुल लागत ५७९६१३५।०० कायम भइ शुरु लागत अनुमान भन्दा २६०३०२।०० बढ्न गएको रकम पालिकाबाट भेरिएशन भएकोले नियमसम्मत नभएको ..... | | सम्पन्न भइ सकेको तथा सरकारी हानी नोक्सानी नभएकोले फछ्यौटका लागि पेश गरिएको । | |
| ०७७/०७८ | ४१ | **जनजागृति पथमा कालोपत्रे:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७.६ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन , विल, भरपाइ, र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति बाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ। यस पालिकाबाट योजनाहरु उपभोक्ता समितिबाट निर्माण काम गराएका योजनाहरु मध्ये नमुना छनोटको आधारमा परीक्षण गर्दा अधिकांश उपभोक्ता समितिले गरेको वास्तविक कामको परिमाण नापी किताव र खर्च प्रमाणित गर्ने कागजात विच तालमेल भइ भिडान भएको देखिएन। नगरपालिका र उपभोक्ता समितिबिच भएको सझौता अनुसार देहाय अनुसार कामको प्राविधिक मूल्यांङ्कन भएकोले मूल्यांङ्कनको परिमाण र दर विश्लेषण अनुसार हुने ज्यामी ज्यालाको तुलनामा उपभोक्ताले पेश गरेको ज्यामी ज्याला अत्याधिक मात्रामा बढि देखिएको कारण निर्माण कामको गुणस्तरको सम्बन्धमा यकिन हुन सकिएन। साथै नियमावलिमा भएको व्यवस्था अनुसारको खर्च प्रमाणित हुने बिल भरपाइ देहायका उपभोक्ता समितिले पेश नगरेकोले रु७०४६२०।०० नियमसम्मत नदेखिएको | ७०४६२० | उदेश्य अनुसार काम सम्पन्न भइ सकेको तथा सरकारी हानी नोक्सानी नभएकोले फछ्यौटका लागि पेश गरिएको । | |

तिलोत्तमा नगरपालिका नगर कार्यपालिकाको कार्यालय मणिग्राम, रुपन्देही लुम्बिनी प्रदेश, नेपाल

नारायण अर्याल
प्रमुख प्रशासकीय अधिकृत

०८।२२
नगर प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| ०७७/०७८ | ४४.१ | **राजस्व व्यवस्थापनः-**<br>तिलोत्तमा नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७६ को नियम १४० को उपनियम (३) मा उपनियम (१) र (२) वमोजिम जारी भएको सूचनाको म्यादमा वोलपत्र वा डाँकवाला हाजिर भई कवुलियत गर्न मन्जुर गरेमा निजबाट तुरुन्त कवुलियत गराई निजलाइ पट्टा वा चलन पूर्जि दिनुपर्नेछ। त्यस्तो बोलपत्र वा डाँकवाला हाजिर नभएमा वा आफ्नो कबुल वमोजिम कबुलियत गर्न मन्जुर नगरेमा निज पछिको दोस्रो, तेस्रो ,क्रम अनुसार अरु वोलपत्र वा डाँकवालालाई प्राथमिकता दिइ उपनियम (२) बमोजिमको सूचना जारी गरि ठेक्का बन्दोवस्त गर्न पर्नेछ। यसरी दोस्रो,तेस्रो क्रम अनुसार सझौता गर्नुपर्ने अवस्थामा तल्लो क्रममा जाँदाको वोल रकमको अन्तर वढी हुनेभएमा सो अन्तर वरावरको रकम अघिल्लो क्रमको बोलकर्तावाट सरकारी वाँकी सरह असुल उपर गर्नुपर्नेछ। नगरपालिकाले लगाएको ठेका नं १४।०७७।७८ मा एन वि कन्ट्रक्सन वुटवलले २२५००००० मा कवोल गरेकोमा सम्झौता गर्न नआएकोले दोस्रो कृशभ निर्माण सेवालाइ कवोल १८६७०५०० गरेकोले पहिलो र दोस्रो विचको फरक ३७९५००० रहेको देखिन्छ। फरक रकम मध्ये धरौटीवाट ११२५००० हजार जफत भएकोले वाँकी रकम २६७०००० निजवाट असुल उपर गर्नुपर्ने रु | २६७०००० | | |
| ०७७/०७८ | ४५ | **कर्मचारी प्रोत्साहन भत्ताः**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६ (१) बमोजम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानून बमोजम हने, दफा ८६ (२) बमोजम र अन्य व्यवस्था स्थानीय तहले बनाएको कानून बमोजम हुने व्यवस्था छ। त्यस्तै अर्थ मन्त्रालयको कार्यसंचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नम्स स्वीकृत गराई प्रोत्साहन भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थमन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ। नगरपालिकाले कानून नबनाई यो बर्ष करार तथा स्थायी कर्मचारीलाइ इधन तथा खाजा भत्तामा रु२४५८१५६ खर्चगरेको नियम अनुसार नदेखएको | २४५८१५६ | उदेश्य अनुसार काम सम्पन्न भइ सकेको तथा सरकारी हानी नोक्सानी नभएकोले फछ्यौटका लागि पेश गरिएको । | |
| ०७७/०७८ | ४७.१ | **कर्मचारी करारः**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र | ४२०५८५ | उदेश्य अनुसार काम सम्पन्न भइ सकेको | |

तिलोत्तमा नगरपालिका नगर कार्यपालिकाको कार्यालय मणिग्राम, रुपन्देही लुम्बिनी प्रदेश, नेपाल

नारायण अर्याल
प्रमुख प्रशासकीय अधिकृत

रामकृष्ण खाण
नगर प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| | | र कार्यबोझको विष्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ५३ जना कर्मचारीहरु करारमा राखी रु१७९५८९८० खर्चलेखेको छ।यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मा करारबाट सेवा लिन सक्ने व्यवस्था गरेको छ।स्थानीय तहले माथि उल्लेखित पद वाहेक स्वकिय सचिव र कानूनी सल्लाहकारमा नियुक्ति गरि वर्षभरीमा रु४२०५८५ भुक्तानी गरेको अनियमित देखिएको | | तथा सरकारी हानी नोक्सानी नभएकोले फछ्यौटका लागि पेश गरिएको । | |
| | | | | | |
| | | जम्मा | ३१२३७०३४ | | |

प्रमुख प्रशासकीय अधिकृत

नारायण अर्याल
प्रमुख प्रशासकीय अधिकृत

रामकृष्ण खाण
नगर प्रमुख